# करैयामाई गाउँपालिका
## Karaiyamai Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: ०८०/०८१
चलानी नं./Ref. No.:: ११६९

मिति/Date: २०८०/१२/०१

ने.सं:- ११४४ चिल्लाथ्व, ४ बिहिबार

### निःशुल्क शिक्षक सेवा तथा लोक सेवा आयोगको तयारी कक्षा सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस करैयामाई गाउँपालिका अन्तर्गत आ.व. २०८०/०८१ तर्फ स्वीकृत कार्यक्रम अनुसार गा.पा.स्तरीय निःशुल्क शिक्षक सेवा आयोग तथा लोक सेवा आयोगको तयारी कक्षा संचालन कार्यक्रम रहेको हुनाले उक्त तयारी कक्षामा सहभागी हुन इच्छुक आवश्यक न्युनतम योग्यता पुगेको नेपाली नागरिकहरुले तपसिलमा उल्लेखित कागजात सहित सहभागी हुन चाहेको पद र सेवा समेत उल्लेख गरी मिति २०८०/१२/०९ गते भित्रमा निःशुल्क दरखास्त फारमको लागि गा.पा.को वेबसाईट(https://karaiyamaimun.gov.np) वा "शिक्षा,युवा तथा खेलकुद शाखामा" सम्पर्क गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| शिक्षक सेवा आयोग तर्फ | | | लोक सेवा आयोग तर्फ | | |
|---|---|---|---|---|---|
| पद/तह | | पत्र | पद | सेवा/समूह | पत्र |
| प्राथमिक शिक्षक | आधारभूत | प्रथम पत्र | खरिदार | नेपाल प्रशासन | प्रथम पत्र |
| निम्न माध्यमिक शिक्षक | | | नायब सुब्बा | | |

**आवश्यक न्युनतम योग्यता**

- **शिक्षक सेवा तर्फः**
  १. प्राथमिक तथा निम्न माध्यमिक तहका लागि कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र कम्तिमा प्रविणता प्रमाणपत्र तह वा (+२) उत्तिर्ण भएको हुनुपर्ने।
  २. स्थायी अध्यापन अनुमति पत्र।
- **लोक सेवा तर्फः**
  १. खरिदार वा सो सरहको लागि १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको र कम्तिमा SLC वा SEE उत्तिर्ण भएको हुनुपर्ने।
  २. नायब सुब्बा वा सो सरहका लागि १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको र कम्तिमा प्रविणता प्रमाणपत्र तह वा (+२) उत्तिर्ण भएको हुनुपर्ने।
- **निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**
  १. नेपाली नागरिकताको प्रतिलिपि – १ थान
  २. हालसालै खिचिएको पासपोर्ट साईज फोटो – २ प्रति
  ३. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि – १ थान
  ४. शिक्षक सेवाको हकमा अध्यापन अनुमति पत्र – १ थान
  ५. यसै साथ संलग्न निवेदन – १ थान

..............................
अनुश आचार्य
प्रमुख प्रशासकीय अधिकृत